आज मिति २०७८ साल असोज ८ गते शुक्रबार विहान ८.०० बजे धरान उपमहानगरपालिकाको नगर कार्यपालिकाको वैठक नगर प्रमुख श्री तिलक राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो ।

**उपस्थितीः**

| क्र.स. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री तिलक राई | प्रमुख | धरान उपमहानगरपालिका | |
| २. | श्री मञ्जु भण्डारी सुवेदी | उप-प्रमुख | धरान उपमहानगरपालिका | |
| ३. | श्री रोशन अधिकारी | वडा अध्यक्ष | धरान-१ | |
| ४. | श्री माधव गोविन्द श्रेष्ठ | वडा अध्यक्ष | धरान-२ | |
| ५. | श्री आशा कुमार श्रेष्ठ | वडा अध्यक्ष | धरान-३ | |
| ६. | श्री मानबहादुर राई | वडा अध्यक्ष | धरान-४ | |
| ७. | श्री सन्तोष लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ८. | श्री भुवनसिं वस्नेत | वडा अध्यक्ष | धरान-६ | |
| ९. | श्री जिवन सुवेदी | वडाअध्यक्ष | धरान-७ | |
| १०. | श्री रुद्र बहादुर लिम्बू | वडा अध्यक्ष | धरान-८ | |
| ११. | श्री रत्न बहादुर कटुवाल | वडा अध्यक्ष | धरान-९ | |
| १२. | श्री श्रीप्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-१० | |
| १३. | श्री बावुलाल लामा | वडा अध्यक्ष | धरान-११ | |
| १४. | श्री टंकबहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १५. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १६. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १७. | श्री नरेश इवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १८. | श्री दिलकुमार गिरी | वडा अध्यक्ष | धरान-१६ | |
| १९. | श्री सुर्यबहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | |
| २०. | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २१. | श्री पुर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २२. | श्री मणिराम राई | वडा अध्यक्ष | धरान-२० | |
| २३. | श्री कैलाश अग्रवाल | नगर कार्यपालिका सदस्य | धरान-२ | |
| २४. | श्री किशोर परियार | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २५. | श्री सुवास राई | नगर कार्यपालिकाका सदस्य | धरान-१७ | |
| २६. | श्री गिता पाखिन | नगर कार्यपालिका सदस्य | धरान-७ | |
| २७. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २८. | श्री कल्पना थापा | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २९. | श्री लिलामाया गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| ३०. | श्री हिरादेवी राई | नगर कार्यपालिका सदस्य | धरान-१६ | |
| ३१. | श्री विदुरप्रसाद खनाल | प्रमुख प्रशासकीय अधिकृत ([illegible]) | धरान उपमहानगरपालिका | |

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | प्रेम ब. तामाङ | का. वा. वडाध्यक्ष, - धरान ८ | |
| २. | [illegible] ब० गुरुङ, | का० वा० वडाध्यक्ष, धरान -१८ | |
| ३. | | | |
| ४. | | | |
| ५. | श्री गणेश प्रसाद खतिवडा | वरिष्ठ प्रशासकीय अधिकृत | |

**बैठकमा छलफल र निर्णय भएका विषयहरु :–**

१. **बैठकको गणपुरक संख्या र मौन धारण सम्बन्धमाः–**

यस उपमहानगरपालिकाको कार्यपालिकामा जम्मा सचिव सहित ३१ जना सदस्य रहेकोमा आजको बैठकमा जम्मा २४ जना सदस्यहरूको उपस्थित रहेकोले गणपुरक संख्या पुरा भएको हुदाँ अध्यक्ष वाट बैठक सुरु भएको जानकारी बैठकमा गराउनु भयो ।

२. **अघिल्ला बैठकका निर्णयहरु कार्यान्वयनको समिक्षा सम्बन्धमाः–**

यस भन्दा अघि मिति २०७८/०५/३१ गते कार्यपालिकाको बैठक बसेको र उक्त वैठकबाट १५ वटा निर्णयहरु भएका थिए ।ती निर्णयहरूमा निर्णय नं. १० को ससरङ्गी पार्कको सञ्चालन व्यवस्थापन विषयमा तयारी हुँदै गरेको र अन्य सबै निर्णयहरु कार्यान्वयन भएको वैठकमा जानकारी भयो ।

३. **भौतिकरुपमा विद्यालयहरु सञ्चालन गर्ने सम्बन्धमाः–**

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसको कारण देशैभरीका विद्यालयहरु भौतिक रुपमा सञ्चालन नभई वैकल्पिक माध्यमबाट पठनपाठन भइरहेकोमा DCCMC सुनसरीको मिति २०७८/०५/२० मा वसेको वैठकको निर्णय समेतको आधारमा मिति २०७८/०५/३१ गते वसेको कार्यपालिका वैठकबाट धरान क्षेत्रका विद्यालयहरु भौतिक रुपमा दशै तिहार पछिमात्र सञ्चालन गर्ने व्यवस्था गर्ने निर्णय भएकोमा हाल आएर विभिन्न वडाहरुबाट भौतिक रुपमा विद्यालय सञ्चालनको व्यवस्थाहुन अनुरोध भई आएको साथै अभिभावकहरुबाट समेत अनुरोध भएको र विद्यार्थीहरुमा समेत पठनपाठनको संस्कृतिमा ह्रास आएको, धरान नगर क्षेत्रमा कोरोना भाइरसको संक्रमण दिनप्रतिदिन घट्दै गएको तथ्यलाई मध्यनजर गर्दै मिति २०७८/०६/१० गते आईतबार देखी स्वास्थ्य सम्बन्धी मापदण्डको पुर्णरुपमा पालना गर्दै भौतिक रुपमा विद्यालयहरु खुल्न सक्ने निर्णय गरियो । साथै संस्थागत विद्यालयहरुबाट लिइने शुल्कलाई अभिभावकहरुले दवावको रुपमा झेल्नु पर्ने बाध्यतालाई हृदयङ्गम गरी यस अघी झै अभिभावक र विद्यालयको सहमती र समन्वयमा शुल्क लिने व्यवस्था गर्ने र दशै तिहारको लामो अवधि विद्यालयहरु बन्द नगर्न समेत अनुरोध गर्ने साथै माथि उल्लेखित विषयलाई सम्बन्धित वडाहरुबाट र धरान उपमहानगरपालिकाले अनुगमन गर्ने समेत निर्णय गरियो ।

**आजको वैठक दिउसो ९:४५ वजे समाप्त भयो ।**

**बैठकको निर्णय माईनटगर्ने : वरिष्ठ प्रशासकीय अधिकृत, गणेश प्रसाद खतिवडा ।**